अनुसूचि १६

( दफा ३३ को उप दफा (२) संग सम्वन्धित )

श्री शिव सामुदायिक वन उपभोक्ता समूह, राजपुर ३ खरदरिया, दाङ्ग

काठ/दाउरा वोलपत्रद्धारा लिलाम विकीको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०४/११ गते )

श्री शिव सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित यस समुहको घाटगद्धिमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विकी गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना नयां युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी २२ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलवन्दीको वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

१. वन पैदावारको विवरण :

| वनपैदावारको | | | | | | | मूल्यांकन ( रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | ग्रेड | किसिम | थान | परिमाण (घ.फी.) | न्यूनतम मुल्य रु. | कटान खर्च रु. |
| १ | १. | साल | A | गोलिया | १ | १५.५६ | १९,४५०/- | २८७९/- |
| २ | | साल | B | गोलिया | १६ | २११.६३ | १,९०,४६७/- | ३१९५२/- |
| ३ | | साल | C | गोलिया | ३८ | २९६.७१ | १,७८,०२६/- | ५४,८९२/- |
| ४. | | साल | D | गोलिया | १२ | १५०.५५ | ४५,१६५/- | २७,८५२/- |
| ५. | | साल जातको दाउरा | | | | ५ चट्टा | ६०,०००/- | ६५,०००/- |
| जम्मा | | | | | ६७ | ६७४.४५ घ.फी. र ५ चट्टा दाउरा | ४,९३,१०८/- | १,८९,७७५/- |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

क) वोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८१/०४/३१ गते समय दिनको ५.०० वजे सम्म।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८१/०४/३२ गते समय दिनको २.०० वजे सम्म।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट खरिद तथा दाखिला गर्न सकिनेछ

३. वोलपत्रसाथ कवुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको महालक्ष्मी बिकास बैंक लिमिटेड लमही शाखा दाङ्गमा रहेको ०१३००१०००७३९०३००००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

४. वोलपत्र फारमको प्रति लटको रु. १,०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह बाट खरिद तथा दाखिला गर्न सकिनेछ।

५. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको राजपुर ३ खरदरियामा रहेको घाटगद्धि स्थलमा गई हेर्न सकिनेछ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर ( पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नुपर्नेछ।

Scanned with CamScanner

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१/०४/३२ मा दिनको ३.०० वजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन विदा पर्न गएमा भोलीपल्ट खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश ) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

विद्या प्रसाद यादव
अध्यक्ष
शिव सा.व.उ.स राजपुर ३ खरदरिया, दाङ

Scanned with CamScanner